# प्राथमिकतायुक्त प्राथमिक स्याहार केन्द्रहरू (Priority Primary Care Centres)

**OFFICIAL**
**Nepali | नेपाली**

- के तपाईंलाई तुरुन्तै डाक्टर देखाउन आवश्यक छ?
- प्राथमिकतायुक्त प्राथमिक स्याहार केन्द्रहरू (PPCCs) ले अबिलम्ब उपचार गर्नु पर्ने चोटपटक वा बिरामी भएका जुनसुकै व्यक्तिहरूलाई नि:शुल्क उपचार प्रदान गर्दछ।
- PPCC डाक्टरहरूले तपाईंलाई अस्पतालको आकस्मिक विभागमा भन्दा छिटो उपचार गर्न मद्दत गर्नेछन्।
- उनीहरूले हल्का संक्रमण, आगोले हल्का पोलेको, हातखुट्टा मर्केको, हड्डी भाँचिएको हुन सक्ने जस्ता अवस्थाहरूको उपचार गर्न सक्छन्।
- यदि तपाईंलाई गम्भीर चोट वा रोग छ भने तीन शुन्य (000) मा फोन गर्नुहोस्।
- यदि तपाईंलाई तत्काल हेरचाहको आवश्यकता छैन भने आफ्नो नियमित डाक्टरलाई देखाउनुहोस्।
- PPCC सेवाहरूमा प्याथोलोजी, रेडियोलोजी र फार्मेसी सेवाहरू समावेश छन्।
- PPCC सेवाहरू मेडिकेयर कार्ड भएका वा नभएका सबैका लागि निःशुल्क छन्।
- PPCC सेवाहरू बिस्तारित समयसम्म हप्ताको सात दिन खुला रहन्छ।
- तपाईंले एपोइण्टमेन्ट बनाउन आवश्यकता पर्दैन।
- भिक्टोरियाभर PPCC हरू सञ्चालनमा आउँदैछन्।
- स्थानहरू र थप जानकारीको लागि Better Health Channel हेर्नुहोस्: www.betterhealth.vic.gov.au/health/servicesandsupport/priority-primary-care-centres
- PPCC मा दोभाषेहरू उपलब्ध छन्। अनुवाद र दोभाषे सेवा TIS National लाई 131 450 मा फोन गर्नुहोस्।